का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ साउन २०७९,
सोमबार
25 July 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न्

वर्ष २०, अंक १७० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



संसदमा सांसदहरु

२७५ सदस्यीय प्रतिनिधिसभामा पछिल्लो समयको हाजिरी नियाल्दा डेढ सय, पौने दुई सय सांसद देखिन्छन् । सभामा गणपुरक संख्या यकिन गर्दा ६९ सांसद पनि नपुगेर पटक-पटक बैठक रोकिएका छन् ।

# जाँदै जाँदैनन् गए पनि बस्दैनन्



> पहिला पनि भइरहेको कुरा हो हाजिर गर्ने, हिँड्ने । अहिले पनि सांसदहरु यस्ता गतिविधि गरिरहेका छन् । यो सांसदहरुको गैरजिम्मेवारीपन हो ।
>
> **सूर्य किरण गुरुङ**
> पूर्वमहासचिव
> संसद सचिवालय

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ८ साउन ।

आइतबार प्रतिनिधिसभाले 'मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक'माथि राष्ट्रिय सभाले गरेको संशोधन स्वीकार गरेर सभामुख हुँदै प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाउने तयारी गरेको थियो । तर, संसदमा गणपुरक संख्या नपुग्दा विधेयक अगाडि नै बढ्न सकेन ।

आइतबार प्रतिनिधिसभामा तीन पटक गणपुरक संख्या यकिन गर्ने कार्य भयो । दुई पटक गणपुरक संख्या पुगेन । एक पटक गणपुरक संख्या पुग्यो । गणपुरक संख्या पुगेका बेला कारागार सम्बन्धी विधेयक पारित भयो । तेस्रो पटक सांसद संख्या गन्दा गणपुरक संख्या नपुगेर बन्नै लागेको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय कानुन रोकिन पुगेको हो ।

संसदमा कुनै प्रस्ताव निर्णयार्थ पेश गर्दा कुल सदस्य संख्या २७५ को एक चौथाइ सदस्य अर्थात ६९ जना उपस्थित हुनुपर्ने – बाँकी पृष्ठ २ मा

# विवादमै बित्न लाग्यो कार्यकाल

तीन वटा सरकार परिवर्तन भइसकेको प्रदेश-१ ले नामाकरण भने गर्न सकेको छैन । पाँच वर्षे कार्यकाल नै सकिन लागेपनि दलहरुले अडान नछोडेकाले नामाकरण हुन सकेको छैन ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ साउन ।



प्रदेश-१ को प्रदेशसभा बैठक आइतबार पनि बस्यो । तर आइतबारको बैठकमा प्रदेशको नामाकरणबारे एजेण्डा कार्यसूचीमै परेन । दलहरुबीच सहमति जुट्न नसकेपछि प्रदेशसभा बैठकको कार्यसूचीमा नामाकरणको विषय एजेण्डामा नपरेको हो ।

जारी अधिवेशनले नाम राख्न नसके प्रदेश-१ मा चुनावपछि बन्ने प्रदेशसभाले मात्रै यसबारे छलफल गर्नेछ । राजधानी भने तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकार हुँदै टुंगिएको थियो । नेकपासँग दुई तिहाइ मत भएकाले बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशले नामाकरण र राजधानी टुंगो लगायो । मधेश प्रदेशको नामाकरण पनि दोस्रो पटक मतदान हुँदा टुंगिएको थियो ।

मधेश प्रदेशको नामाकरणमा सत्तारुढ दलहरुबीच भद्र सहमति भएको थियो । नेकपा एमाले विपक्षमा थियो । प्रदेश-१ मा एमाले विपक्षमा छ । तर ९० मध्ये ४१ सांसद एमालेसँग छ । अर्थात् एमालेको सहमति बिना मुख्यमन्त्री राजेन्द्र राईले प्रदेशको नामाकरण टुंग्याउन सक्ने छैनन् । ९३ मध्ये यो प्रदेशमा हाल ९० सांसद कायम छन् । यसको अर्थ नामाकरण पारित हुन ६० सांसदको आवश्यकता पर्छ ।

तर एमालेको प्रस्तावमा सत्तारुढ दलहरु सहमत छैनन् । एमालेले प्रदेशको नामाकरण कोशी राख्नुपर्ने अडान लिएको छ । तर बाँकी दलहरुले भने भूगोलसँगै पहिचान पनि जोड्नुपर्ने पक्षमा छन् । उनीहरुले किराँत-कोशी, वा किराँत जोडेर कुनै नाम राख्नुपर्ने प्रस्ताव अगाडि बढाएका छन् । सभामुखले दलहरुबीच सहमति जुटाउन लगातार छलफल राखिरहेका छन् ।

दलहरुले सर्वदलीय बैठकमा पनि पुरानै अडान लिइरहँदा नामाकरणमा सहमति हुन सकेको छैन । बरु मुख्यमन्त्री राईले गलत नाम रहनुभन्दा नामै नराख्ने सार्वजनिक अभिव्यक्ति दिएका छन् । यो प्रदेशसभाको आकारकै कारण नामाकरण सम्भव नभए अर्को संसदले नाम राख्ने मुख्यमन्त्री राईले बताएका छन् । ०७४ मा बनेको प्रदेशसभाबाट शेरधन राई, भीम आचार्य र राजेन्द्र राई गरी तीन जना मुख्यमन्त्री बनाइसकेको छ भने २९ जना मन्त्री भइसकेका छन् ।

# कैदीबन्दीलाई पूर्ण नागरिक अधिकार

## प्रजनन्देखि पौष्टिक आहारसम्म

बिहे गर्न पाउने, प्रजननको अधिकार, गर्भवती र सुत्केरीलाई पौष्टिक आहारदेखि शिक्षा, स्वास्थ्य र रोजगारीसम्मका अधिकार कैदीबन्दीले पाउने गरी बनेको विधेयक प्रतिनिधिसभाबाट पारित भएको छ ।



कैदीबन्दी पनि नागरिक नै हुन् । उनीहरुले नागरिक अधिकार प्रयोग गर्न पाउनुपर्छ । यस सन्दर्भमा उनीहरुलाई अधिकार दिइएको हो ।

**बालकृष्ण खाँड**
गृहमन्त्री

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ साउन ।

आइतबार प्रतिनिधि सभाले 'कारागार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' सर्वसम्मत रुपमा पारित गरेको छ। जसले कैदीबन्दीलाई पूर्ण नागरिक अधिकारको प्रत्याभुत गरेको छ ।

गृहमन्त्री बालकृष्ण खाँडका अनुसार कारागार विधेयक लागू भएपछि कैदीबन्दीले कारागारमै रहे बिहे गर्न पाउनेछन् । सन्तान उत्पादनका लागि प्रजननको अधिकार प्राप्त गर्नेछन् । गर्भवती र सुत्केरीलाई विशेष छुटदेखि पौष्टिक आहारसम्मका विषय छन् । साथसाथै कैदीबन्दीले चाहेको खण्डमा शिक्षा प्राप्त गर्न सक्नेछन् । उनीहरुका लागि परीक्षा दिने प्रवन्ध मिलाइनेछ । कैदीबन्दीको स्वास्थ्यमा पनि विशेष ख्याल गरिनेछ । प्रत्येक कारागारमा अस्पताल नभए पनि स्वास्थ्य चौकी बनाइनेछ । कैदीबन्दीलाई सीप सिक्ने, जानेको सीप अनुसार रोजगारी गर्ने सम्मका अधिकार दिइनेछ । रोजगारीका सन्दर्भमा भने कहाँसम्म जान पाउने, कस्तो रोजगारी गर्न पाउने भनी नियमावलीमा सीमितताबारे प्रष्ट पारिनेछ ।

यो विधेयक २९ मंसिर २०७६ मा तत्कालिन केपी ओली नेतृत्वले सरकारले ल्याएको हो । जसलाई २ वैशाख २०७८ मा प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेर सभामा पेश गरेको थियो । आइतबार बसेको प्रतिनिधि सभाको बैठकले पारित गरेर राष्ट्रिय सभामा पठाएको छ । राष्ट्रिय सभाले पारित गरेपछि पुनः प्रतिनिधिसभामा आउँछ र प्रतिनिधिसभाले राष्ट्रिय सभाले गरेको संशोधन स्वीकार गरेर सभामुख हुँदै राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पठाउँछ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक ऐनका रुपमा कार्यान्वयनमा आउँछ ।

प्रतिनिधिसभाबाट विधेयक पारित हुनुअघि गृहमन्त्री बालकृष्ण खाँडाले यो विधेयक ल्याउनुको कारणहरुबारे व्याख्या गरेका थिए । कैदीबन्दीहरु पनि नागरिक भएकाले उनीहरुलाई पूर्ण नागरिक अधिकार दिलाउने सरकारको उदेश्य रहेको बताउँदै राष्ट्रिय सभाले पनि छिट्टै पारित गरेर पठाउने विश्वास व्यक्त गरेका थिए ।

'कैदीबन्दी पनि नागरिक नै हुन् । उनीहरुले नागरिक अधिकार प्रयोग गर्न पाउनुपर्छ । यस सन्दर्भमा बिहे र प्रजननको अधिकार दिइएको हो' उनले भने । गृहमन्त्री बालकृष्ण खाँडका अनुसार कैदीबन्दीले विवाह – बाँकी पृष्ठ २ मा

## सामाजिक सञ्जालमा कतार विश्वकप कामदारको अनाधिकृत विज्ञापन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ साउन ।



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यसै वर्ष नोभेम्बरदेखि कतारमा शुरु हुने विश्वकप फुटबल प्रतियोगिताका लागि अल्पकालीन भिसामा नेपाली श्रमिक लैजान अनुमति दिएपछि अनधिकृत व्यक्तिहरू मौकाको फाइदाका लागि सल्वलाएका छन् ।

मन्त्रालयले वैदेशिक रोजगार विभागबाट इजाजत लिएका सबै म्यानपावर कम्पनीहरू र व्यक्ति स्वयंले छोटो अवधिका लागि कामदार मागपत्र ल्याएर श्रमिक पठाउन वा जान पाउने अनुमति दिएपछि वैदेशिक रोजगार व्यवसाय – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मलेसियाले मुख्य तीन क्षेत्रमा विदेशी कामदार लिने

**काठमाडौं/मस–** ईण्डोनेसियासँग तनाव बढेपछि मलेसियाले सबै श्रोत मुलुकबाट प्रमुख तीन क्षेत्रमा विदेशी कामदार आपूर्ति गर्ने निर्णय गरेको छ । मलेसियाका गृह तथा मानव संशाधन मन्त्रालयको संयुक्त बैठकपछि निर्माण, उत्पादन र सेवा उद्योगहरूमा सबै श्रोत मुलुकबाट कामदार ल्याउन दिने निर्णय गरेको हो । नेपाल, भारत, ईण्डोनेसिया, कम्बोडिया, भियतनाम, बंगलादेश, श्रीलंका लगायतका १५ मुलुकबाट कामदार लैजाने गरेको छ । पछिल्ला दिनमा नेपालबाट मलेसिया जानेक्रम – बाँकी पृष्ठ २ मा


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALWAFIR MARKETING SERVICES CO — शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०४/०८ — चलानी नं.:६०१८३७०२ — LT. No.:267910

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef de Partie | 5 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ८२,८८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Commi | 10 | 0 | | 120 | ४९,७७८ | | | | | | | |
| 3. | Waiter/Waitress | 10 | 15 | | 120 | ४९,७७८ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ ।
फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १६ गते (1 August 2022) मा हुनेछ ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075

SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Mobile No.:9851322884, 9844064089, 9818441474, 9851235143, 9851330429, 9841136727





## फ्रि भिसा, फ्रि टिकट र शुन्य लागतमा KUWAIT को Five Star Hotel मा रोजगारको अवसर

THE REGENCY HOTEL

पूर्व स्वीकृत मिति: २०७९/०४/०८ — चलानी नं.: ६०१८३६९६ — LT. No.: 267887 — शहर: KUWAIT

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technician | 5 | 0 | सम्बन्धित काममा दक्ष | 250 | १,०३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chef De Partie | 10 | 0 | | 350 | १,४५,०४७ | | | | | | | |
| 3. | Commis Chef | 10 | 0 | | 120 | ४९,७३० | | | | | | | |
| 4. | Demi Chef | 10 | 0 | | 250 | १,०३,६०५ | | | | | | | |
| 5. | Guest Relations Agents | 5 | 0 | | 140 | ५८,०१८ | | | | | | | |
| 6. | Housekeeping Attendant | 20 | 30 | | 120 | ४९,७३० | | | | | | | |
| 7. | Lifeguard | 5 | 0 | | 160 | ६६,३०७ | | | | | | | |
| 8. | Receptionist | 5 | 0 | | 140 | ५८,०१८ | | | | | | | |
| 9. | Upholsterer | 2 | 0 | | 250 | १,०३,६०५ | | | | | | | |
| 10. | Waiter / Waitress | 20 | 30 | | 120 | ४९,७३० | | | | | | | |

अन्तर्वार्ता डाईमण्ड होटेल, तिलितोमा बुटवल मा २०७९ साउन १६ गते (1 August 2022) मा हुनेछ ।
अन्तर्वार्ता विश्राम होटेल रेष्ट्रो, पोखरा कास्कीमा २०७९ साउन १७ गते (2 August 2022) मा हुनेछ ।
अन्तर्वार्ता त्रियुगा होटेल, इटहरी सुनसरीमा २०७९ साउन १८ गते (3 August 2022) मा हुनेछ ।
अन्तर्वाता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १६ देखि २५ गते सम्म (1 to 10 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mobile: 9851038901, 9841669457, 986-7219749, 9818550053, 9810330880, 9801026390



## Romania मा रोजगार

कम्पनी: UMAN CARE RECRUITING S.R.L. — शहर : ROMANIA

पूर्व स्वीकृत मिति: २०७९/०१/०७ — चलानी नं.: ६०१७८१८३ — LT. No.: 261920 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Babysitter | 0 | 5 | स. काममा दक्ष | 600 | ७६,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 600 | ७६,४८८ | | | | | | | |
| 3. | Cleaner | 10 | 5 | | 550 | ७०,११४ | | | | | | | |
| 4. | Cook | 5 | 0 | | 650 | ८२,८६२ | | | | | | | |
| 5. | Cook Helper | 15 | 0 | | 550 | ७०,११४ | | | | | | | |
| 6. | Electrician - Skilled | 5 | 0 | | 600 | ७६,४८८ | | | | | | | |
| 7. | Gardener | 5 | 0 | | 600 | ७६,४८८ | | | | | | | |
| 8. | General Worker | 10 | 0 | | 550 | ७०,११४ | | | | | | | |
| 9. | Housemaid | 0 | 10 | | 600 | ७६,४८८ | | | | | | | |
| 10. | Mason | 10 | 0 | | 600 | ७६,४८८ | | | | | | | |
| 11. | Painter | 10 | 0 | | 600 | ७६,४८८ | | | | | | | |
| 12. | Plumber | 5 | 0 | | 600 | ७६,४८८ | | | | | | | |
| 13. | Steelfixer | 10 | 0 | | 600 | ७६,४८८ | | | | | | | |
| 14. | Waiter | 5 | 0 | | 550 | ७०,११४ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम मेनपावर कार्यालयमा भईरहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २१, २२, र २३ गते (6, 7 & 8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Global Welfare Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4388357, 4389246
Mobile:9803569268, 9803569272,9803569273, 9851186207
E-mail: document.globalhr@gmail.com, Web.: globalwelfarehrsolution.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
९ साउन २०७९, सोमबार
25 July 2022, Monday

## संसदमा...

संवैधानिक व्यवस्था छ। संविधानको धारा ९४ मा भनिएको छ, 'कुनै पनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधिसभाको एक चौथाइ सदस्य उपस्थित हुनुपर्ने।'

तर, हाजिरीमा भने १८८ सांसदले हस्ताक्षर गरेका छन्। १८८ जनाले हस्ताक्षर गरेको बैठकमा तीन पटक गन्दा एक सय सांसद पनि देखिएनन्। पहिलो पटक गन्दा ६७, दोस्रो पटक गन्दा ७१ र तेस्रो पटक गन्दा ५७ जना सांसद देखा परे। अर्थात, सांसदहरु संसद बैठकमा जाँदै जाँदैनन्, गए पनि बैठकमा बस्दैनन् भन्ने देखाउँदछ। सांसदहरुले संसद बैठक चलेको दिन हाजिरी पुस्तकमा हाजिर गरेकै आधारमा बैठक भत्ता एक हजार रुपैयाँ र ट्याक्सी भाडा शीर्षकमा अर्को एक हजार रुपैयाँ पाउँछन्। यसकारण पनि सांसदहरु हाजिर गर्नका लागि संसद जाने र बैठकमा नस्बस्ने प्रवृति रहेको सरोकारवालाहरु टिप्पणी गर्छन। प्रतिनिधिसभा नियमावली अनुसार सम्बन्धित सदनलाई सूचना नदिई लगातार १० वटा बैठकमा अनुपस्थित रहेमा सभामुखले स्पष्टीकरणको मौका दिएर चित्त नबुझे पदमुक्त समेत गर्न सक्ने प्रावधान छ। तर हाजिर गरेर टाप कस्ने सांसदलाई सम्बोधन गर्ने कानुनी प्रावधान छैन।

संसद सचिवालयका पूर्वमहासचिव सूर्य किरण गुरुङ हाजिर गरेर टाप कस्ने प्रवृति धेरै पहिलेदेखि रहेको बताउँछन्। भन्छन्, 'पहिला पनि भइरहेको कुरा हो हाजिर गर्ने, हिड्ने। अहिले पनि सांसदहरु यस्ता गतिविधि गरिरहेका छन्। यो सांसदहरुको गैरजिम्मेवारीपन हो।'

## कैदीबन्दीलाई...

चाहे त्यस्तो विवाहले कानुनी मान्यता पाउनेछ।

'कारागारमा बन्दीको रुपमा रहेका वैध दम्पतीको प्रजनन् अधिकार संरक्षण गर्ने प्रयोजनका लागि तोकिए बमोजिम भेटघाट गर्ने अनुमति दिनु पर्नेछ। प्रजनन् अधिकार संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ' पारित विधेयकको दफा २३ मा उल्लेख छ।

पारित विधेयकको दफा २८ मा कैदीबन्दीको बिवाह दर्ता सम्बन्धी व्यवस्था छ। 'एउटै कारागारमा रहेका पुरुष र महिला बन्दी वा कारागारमा रहेको बन्दीसँग कारागारमा नरहेको पुरुष वा महिलाले विवाह गर्न चाहेमा विवाह दर्ताका लागि कारागार प्रशासक समक्ष निवेदन दिनु पर्नेछ।

त्यस्तो निवेदन पेश भएकोमा कारागार प्रशासकले विवाह दर्ताको लागि सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ' दफा २८ मा उल्लेख छ। प्रचलित कानून बमोजिम कैदीबन्दीको बिवाह दर्ता हुन सक्ने भनी सम्बन्धित निकायले कारागार कार्यालयलाई लेखी पठाएमा कारागार प्रशासकले विवाह दर्ता गर्ने दिन सम्बन्धित बन्दीलाई सुरक्षाकर्मी साथ लगाई विवाह दर्ता गर्न जाने अनुमति दिनु पर्ने प्रावधान विधेयकमा छ।

गर्भवती र सुत्केरी महिलाहरुको स्वास्थ्यको हेरचाह गर्ने विषय पनि पारित विधेयकमा समेटिएको छ। कैदीबन्दीलाई बिहे र प्रजननको अधिकार दिएपछि पर्ने प्रभावलाई समेत विधेयकले ख्याल गरेको छ।

गर्भवती वा सुत्केरी बन्दीसम्बन्धी व्यवस्था दफा ३७ मा छ। जहाँ कारागार प्रशासकले गर्भवती वा सुत्केरी बन्दीलाई बसोबास, खानपान र स्वास्थ्य परीक्षणको सम्बन्धमा विशेष व्यवस्था गर्नुपर्ने उल्लेख छ।

जमानतमा छुटेकी गर्भवती बन्दी कारागार बाहिर रहे पनि कारागारभित्रै रहे सरह मानिनेछ। कारागार बाहिर रहेको अवधिलाई पनि बन्दीले कैद बसेको अवधिमा गणना गरिनेछ। कारागार बाहिर जान अनुमति दिइएको बन्दी कारागारमा फर्किए पछि उसले राखेको बैंक जमानत फुकुवा हुनेछ।

जमानतमा छुटेकी गर्भवती बन्दी कारागारमा नफर्केमा कारागार प्रमुखले उसको बैंक जमानत जफत गरी सुरक्षाकर्मी खटाई कारागारमा उपस्थित गराउने अधिकार राख्दछन्।

बाहिर जान नचाहने गर्भवतीलाई कारागार प्रशासनले राम्रो स्याहारको व्यवस्था गर्नुपर्ने व्यवस्था छ। सम्बन्धित बन्दीले आफैं कारागारमा बस्न चाहेमा वा आर्थिक अवस्था वा अन्य कुनै कारणले गर्भवती बन्दीको कारागारमा नै राम्रो स्याहार हुने कुरामा कारागार प्रशासक विश्वस्त भएमा त्यस्तो बन्दीको सहमतिमा निजलाई कारागारमा नै राख्नु पर्ने भनिएको छ।

यसैगरी, पारित विधेयकले खुला कारागारको अवधारणा लागू गर्ने प्रावधान समेटेको छ। 'खुला कारागार भन्नाले कैदीले तोकिएको समयमा आफूलाई राखिएको ठाउँ भन्दा बाहिरसमेत गई कुनै काम गर्न पाउने गरी नेपाल सरकारले तोकेको ठाउँ सम्झनुपर्छ' भनेर परिभाषामा समेटिएको छ। प्रतिनिधि सभाबाट पारित विधेयकमा संघीय सरकार र प्रदेश सरकार मातहत रहने गरी दुई किसिमको कारागारको परिकल्पना गरिएको छ।

गृहमन्त्री खाणका अनुसार संविधानमा कारागार व्यवस्थापन संघीय सरकार र प्रदेश सरकारको साझा अधिकार सूचीमा रहेका कारणले दुई किसिमको कारागार राखिएको हो।

## सामाजिक ...

गर्न अनुमति नलिएकाहरूले पनि सामाजिक संजाल प्रयोग गरी विज्ञापन गरिएको पाइएको छ। यसै क्रममा ३ सय ५० सुरक्षागार्डको डिमाण्ड आएको भन्दै सामाजिक सञ्जालमा गरिएको विज्ञापन नेपालदेखि कतारसम्म भाइरल बनेको छ। आकर्षक रुपमा गरिएको उक्त अनधिकृत विज्ञापनमा उमेर २३ वर्षदेखि ४५ वर्ष, आधारभूत अंग्रेजी भाषाको ज्ञान, १० घण्टाका ड्युटीका लागि आकर्षक तलव भन्दै राहदानी बुझाउन भनिएको छ। हालको व्यवस्था अनुसार रोजगारदाताले कतारस्थित नेपाली दुतावासबाट मागपत्र प्रमाणीकरण भएपछि पूर्व स्वीकृति लिएर राष्ट्रिय दैनिकमा सूचना सार्वजनिक गरे पछि मात्र कामदारको अन्तरवार्ता र छनौट गर्न पाउने व्यवस्था छ। तर ऐनको उक्त प्रक्रिया पूरा नगरी न्युनतम तलव १८ सय रियाल, खानाको ३ सय रियाल एवम् ओभरटाईम, यातायात र मेडिकल सुविधा पाइने भनिएको उक्त अनधिकृत विज्ञापन छ्यापछ्याप्ती गराइएको छ।

नेपालबाट कति श्रमिक लैजाने र सेवा सुविधा कति पाउने भन्ने कुरा भने अहिले नै निश्चित भइ नसकेको मन्त्रालयले जनाएको छ। कामदारको लागि मागपत्र प्रमाणीकरण भएर आएपछि मात्रै त्यहाँ पाउने तलब र सेवा सुविधाको बारेमा जानकारी हुनेछ। तर सामान्य अवस्थामा जाने श्रमिकले भन्दा विश्वकपको समयमा छोटो अवधिका लागि जाने श्रमिकले राम्रो तलब र सेवा सुविधा पाउनेछन्।

कतारको आग्रह पछि प्रतियोगिता अवधि भर कतारका विभिन्न कम्पनीले छोटो अवधिका लागि नेपाली श्रमिक लिन चाहेकाले मन्त्रालयले छोटो अवधियों भिसाबारे अनुमति दिने निर्णय गरिएको हो तर आइतबारसम्म कुनै पनि आधिकारिक माग पेश नभएको मन्त्रालय श्रुत्रले जनाएको छ।

सो अवधिका लागि सरकारले नेपाली श्रमिक पठाउँदा सबै प्रक्रिया पुरा गरेर पठाउने निर्णय समेत गरेको छ। काम नै छोटो अवधिका लागि पठाउने भएकाले उनीहरुको श्रम स्वीकृति प्रदान गरेर नै पठाउने निर्णय गरेको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव तथा रोजगार व्यवस्थापन महाशाखाका प्रमुख राजिव पोखेलले जानकारी दिए।

फुटबल प्रतियोगिताका लागि कामदारको माग आएको कुरा यसअघि कतारमा रहेको नेपाली दूतावासलाइ रोजगारदाता कम्पनीले जानकारी गराएका थिए। आफुलाई जानकारी आएपछि दुतावसले पत्र लेखेको थियो। दूतावासले छोटो अवधिका लागि श्रमिक लैजान इच्छुक रोजगारदाताले ल्याएका माग प्रमाणीकरण गरेर कामदार पठाउन पाइने छ। विश्वकप फुटबलसम्मका लागि मात्रै नेपाली कामदार पठाइने भएकाले सरकारले शुन्य लागतमा पठाउन सम्बन्धित कम्पनीहरुलाई अनुमति दिने छ। त्यस्तै मन्त्रालयले दुईतर्फी हवाई टिकटसहित भर्ना प्रक्रियामा लाग्ने सम्पूर्ण खर्चसमेत रोजगारदाताले नै बेहोर्नु पर्ने निर्णय गरेको छ।

त्यसरी जाने श्रमिकले कतारमा काम गर्ने अवधि ६ महिनाभन्दा कम समयको हुनेछ। म्यानपावर कम्पनी बाहेक व्यक्तिगत रूपमा यसरी छोटो समयको रोजगारीको लागि जान खोज्नेहरूले ब्यक्तिगत भिसा ल्याएर श्रम स्वीकृति लिन आएमा पनि श्रम स्वीकृति प्रदान गर्ने मन्त्रालयले जनाएको छ।

कानुन अनुसार श्रम स्वीकृतिको अवधि दुई वर्षको हुने व्यवस्था भए पनि कहीं कतैबाट त्यो भन्दा कम अवधिको कामको अवसर र भिसा आएमा पनि श्रम स्वकृति प्रदान गर्ने पनि कानुनी व्यवस्था भएकाले यो छोटो अवधिका लागि श्रम स्वीकृति दिएरै कामदार पठाउन कानुनी अड्चन नभएको सहसचिव पोखेलले जानकारी दिए। विश्वकप फुटबलको समयमा कतारले छोटो अवधिका लागि झण्डै १२ हजार श्रमिकको माग गरेको छ।

## मलेसियाले ...

बढेको छ। ईन्डोनेसियाले आफ्नो मुलुकसँग मलेसियाले दुई देशबीच भएको कामदार भर्ना सम्झौता उल्लंघन भएको भन्दै प्लानटेसनका क्षेत्रमा ल्याउने भनिएका हजारौं कामदार मलेसियामा पठाउन अस्थायी रूपमा रोक लगाएको छ।

ईण्डोनेसियाको उक्त प्रतिबन्धले मलेसियाको पालम आयल क्षेत्रमा विदेशी कामदारको अभाव खट्किएको छ। मलेसिया विश्वको दोस्रो सबैभन्दा ठूलो पाम आयल उत्पादक मुलुक हो। आफ्ना नागरिक नपठाउने ईन्डोनेसियाको यस्तो निर्णयले मलेसियाको आर्थिक अवस्थामा पुनः असर पर्ने साथै तेलको अभाव हुनसक्ने मलेसियाका सञ्चार माध्यमहरूले उल्लेख गरेका छन्। ईण्डोनेसियाले घरेलु कामदारहरूका लागि अनलाइन भर्ती प्रणालीको निरन्तर सञ्चालनले मलेसिया र ईन्डोनेसिया दुवै मुलुकबीच अप्रिलमा भएको सम्झौताका सर्तहरूसहित मलेसियामा कार्यरत घरेलु महिला कामदारहरूको सुरक्षालाई नगरेको भन्दै दुवै क्षेत्रमा सुधार नगरेसम्म आफ्नो तर्फबाट कामदार नपठाउने बताएको छ।


### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/०४/०९**

यस कार्यालयमा मिति २०५८/११/१४ मा दर्ता भएको **प्रा.लि.नं. १८०४९** को **चौधरी प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/०४/०९**

यस कार्यालयमा मिति २०७३/०२/०२ मा दर्ता भएको **प्रा.लि. नं. १४९३०२** को **बसुन्धारा एजुकेसन इन्स्टिच्यूट एन्ड कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५/०१/०८ मा दर्ता भएको **प्रा.लि. नं. ९१३४५३** को **एक्मी कम्युनिटी फार्मेसी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



# सानीभेरी गाउँपालिका
# Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of The Rural Municipal Excutive
**सिम्ली, रुकुम (पश्चिम)**
**Simli, Rukum (West)**
**कर्णाली प्रदेश, नेपाल**
**Karnali Province, Nepal**

## सिलबन्दि दरभाउपत्र पेश गर्ने सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति- २०७९/०४/०९)**
**सूचना नं 01/GOODS/SQ/SRM/079/080**

यस गाउँपालिका अन्तर्गत गाउँपालिका अस्पताल/स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट निःशुल्क वितरण हुने औषधी सिलबन्दि दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकाले तपसिल बमोजिमको शर्तमा पालना गरि PPMO eGp System Website www.bolpatra.gov.np/egp बाट दररेट पेश गर्नहुन ईच्छुक फर्म/कम्पनी वा वितरकलाई अनुरोध छ।

**तपसिल**

१. निशुल्क वितरण हुने औषधीको विवरण स्पेशिफिकेशन गाउँपालिकाको वेवसाई www.sanibherimun.gov.np मा राखिएको छ। उक्त विवरण अनुसारको Unit cost उल्लेख गरि वोलपत्र पेश गर्नुपर्ने छ।

२. दरभाउपत्र पेश गर्ने फर्म/संस्था/कम्पनी/वितरकले बोलपत्र साथ फर्म र दर्ता प्रमाणपत्र सोको नविकरण कर चुक्ता प्रमाणपत्र आ.व. २०७७/०७८ असार मसान्त सम्म स्वघोषणा लगायतका कागजातहरु पेश गर्नु पर्नेछ।

३. दरभाउपत्र पेश गर्दा लाग्ने शुल्क तथा मिति

| क्र.स | विवरण | वोलपत्र दस्तुर | बोलपत्र जमानत रु | वोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | निशुल्क औषधी तथा सर्जिकल सामाग्रीहरु खरिद | रु १००० (एक हजार मात्र) | रु ८०,००० | २०७९/०४/२३ | २०७९/०४/२४ मध्यान्न १२ वजे सम्म | २०७९/०४/२४ गते दिउसो ठिक १ वजे सानीभेरी गाउँपालिकाको कार्यालयमा |

४. बोलपत्र साथ सुचनामा उल्लेखित जमानत वापतको रकम सानीभेरी गाउँपालिकाको कार्यालयको सनराईज बैंक लिमिटेड सानीभेरी शाखामा रहेको धरौटी खाता नं ०७७०५३०७८७७०३००४ मा जम्मा गरेर सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी भएको पेश गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको जमानत पत्र बिड वन्ड पेश गर्नु पर्नेछ।

५. बोलपत्र सम्वन्धी PPMO eGp System Website www.bolpatra.gov.np/egp.वाट प्राप्त गर्न सकिनेछ।

६. यसमा उल्लेख नभएका अन्यकुराहरु सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा औषधी सम्वन्धी खरिद सम्वन्धी प्रचलित कानुन वमोजिम हुनेछ।

७. थप जानकारीकाका लागि मोवाइल नं ९८५७८२४२५३ मा सम्पर्क गर्न सकिने छ।

**दिपक वुढाथोकी**
**(प्रमुख प्रशासकीय अधिकृत)**



# सुपरमाई हाईड्रोपावर लिमिटेड
**रजिष्टर्ड कार्यालयः का.जि.का.म.न.पा.-१० बानेश्वर, काठमाण्डौं।**
**फोन नः ०१-४४४११३७, Email:supermaihydropower@gmail.com**
**web: https://supermaihydropower.com.np**

## आठौ (आ.ब. २०७८/७९) वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशितः मिति २०७९।०४।०९ (तदनुसार July 25, 2022)**

**आदरणीय श्री शेयरधनी महानुभावहरु,**

सुपरमाई हाईड्रोपावर लिमिटेडको मिति २०७९।०४।०६ मा बसेको संचालक समितिको ६८ औं बैठकको निर्णयानुसार देहायका विषयहरु उपर छलफल गर्न कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितीको लागि यो सुचना प्रकाशित गरीएको छ।

**आठौं बार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति : २०७९।०४।३१ गते** ( तदनुसार **August 16, 2022), मंगलबार।**
**स्थान** : र्‍याडिसन होटल –बेगनाश हल , लाजिम्पाट काठमाण्डौ।
(Radission Hotel -Beganash Hall, Lazimpat Kathamndu)
**समय** : दिनको ४:०० बजे

**आठौं बार्षिक साधारण सभामा छलफलका विषयहरु**

**१. सामान्य प्रस्ताव**

१.१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने समग्र बार्षिक प्रतिबेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
१.२) आ.व. २०७८।०७९को लेखा परिक्षण प्रतिवेदन वासलात , नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा।
१.३) आ.ब. २०७९।८० को लागि लेखा परिक्षक नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (लेखा परीक्षक श्री कँडेल एण्ड एशोशियटस् चार्टड एकाउण्टेन्टस् पुनः लेखा परीक्षक नियुक्तीको लागि योग्य देखिन्छ।)
१.४) संचालक समिति बैठक भत्ता बृद्धि अनुमोदन गर्ने सम्बन्धमा।
१.५) आ.ब. २०७८।७९ सम्मको संचित मुनाफाबाट हाल कायम रहेका शेयरधनीहरुलाई चुक्ता पुँजीको ३० प्रतिसतले हुने रकम रु. १२,००,००,०००।– (अक्षरुपीः ने रु बाह्र करोड) (कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताब स्वीकृत गर्ने सम्बन्धमा।
१.६) संचालक समितिको निर्बाचन सम्बन्धमा।

**२. बिशेष प्रस्ताव**

२.१) प्रबन्धपत्रको दफा(२) र दफा ६ मा थप–शंशोधन गर्ने सम्बन्धमा।
२.२) नियमावली दफा २ शंशोधन गर्ने सम्बन्धमा ।

**३. विविध।**

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :**

१. प्रोक्सी मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी पेश गरिसक्नु पर्नेछ। एक भन्दा बढी प्रतिनिधि ( प्रोक्सी ) को नाम उल्लेख गरेमा प्रतिनिधि ( प्रोक्सी ) फारम रद्द गरिने छ।
२. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रबेश पत्र वा आफ्नो शेयर प्रमाण पत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रबेश गर्न पाईने छ। कुनै महानुभावहरुले कुनै कारणबश शेयर प्रमाण पत्र वा प्रबेशपत्र प्राप्त गर्न नसक्नुभएमा कम्पनीको केन्द्रिय कार्यालय काठमाण्डौं फोन नं ०१४४४११३७ वा ९८५१३२२७९२ मा सम्पर्क राखी साधारण सभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रबेश पत्र प्राप्त गर्न हुन अनुरोध गरिन्छ।
३. मिति २०७९।०४।२० देखि साधारण सभा नभईन्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ।
४. सभा सम्बन्धी अन्य बिस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय काठमाण्डौ फोन नं ०१४४४११३७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।
५. कम्पनीको संचालक पदको निर्वाचन सम्बन्धी सम्पुर्ण सुचना एर्व जानकारीहरु कम्पनीको केन्द्रिय कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ।

**संचालक समितिको आज्ञाले,**
**(दिनेश कुमार बर्तौला)**
**कम्पनी सचिव**



## राहदानी हरायो

मिति २०७९/०३/१५ गते चितवनबाट काठमाडौंसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

नामः सुरेश खनाल
राहदानी नं.: २९७५१४४
ठेगानाः भरतपुर, चितवन
सम्पर्कः ९८५५०५२२२७



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी दर्ता खारेज गरिएको सूचना

[illegible]



## भुल सुधार

[illegible] मध्यान्ह दैनिकमा प्रकाशित LT.No. 254963 को Thakkara Makani Restaurant, Kuwait र LT.No. 255698 को International Work Finder, Romania कम्पनीको विज्ञापनमा [illegible]

वाईज ईन्टरनेशनल नेपाल प्रा.लि.
[illegible]



## कतार र साउदीमा रोजगार

**१. कम्पनीः GRACE ENGINEERING AND TECHNICAL SERVICES** शहरः Doha
पूर्व स्वीकृत मितिः २०७९/०४/०८ चलानी नं.: ६०१८३७३५ LT. No.: 267764

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 0 | 2 | स. काममा दक्ष | 1000 | ३४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनीः RAWANA.A. AL-HARBI BUFFET FOR PROVID MEALS** शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०७९/०४/०८ चलानी नं.: ६०१८३७३६ LT. No.: 267767

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sweets Maker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४४,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**३. कम्पनीः BIN SAWAD BATTERIES CO.** शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०७९/०४/०८ चलानी नं.: ६०१८३७३६ LT. No.: 267765

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४९,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १६ गते (1 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

# नगर उपप्रमुख चौधरीद्वारा मिनी रमाइलो मेलाको उद्घाटन

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, ८ साउन




कपिलवस्तुको कृष्णनगरमा प्रथम साँस्कृतिक मिनी रमाइलो मेला आइतबारबाट शुरु भएको छ। महेन्द्र पार्क समिति कृष्णनगरको आयोजनामा शुरु भएको मेलाको प्रमुख अतिथि कृष्णनगर नगरपालिकाकी नगरउपप्रमुख आरती देवी चौधरीले एक कार्यक्रमकाबीच उद्घाटन गरिन्।

कार्यत्रmममा बोल्दै समाजसेवी भरत किशोर चौधरीले प्रथम साँस्कृतिक मिनी रमाइलो मेला कृष्णनगरको पहिचान गराउन सफल रहने शुभकामना दिँदै सबैलाई उक्त मेला अवलोकन गर्न आग्रह गर्दै मेलाको सफलताको शुभकामना दिए।

कार्यक्रममा बोल्दै वडा नं २ का वडा सदस्य राहुल मोदनवालले प्रथम साँस्कृतिक मिनी रमाइलो मेला कृष्णनगरलाई भव्य र सभ्य रूपमा मनाउन सबैको साथ चाहिने बताए।

मेलामा राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुती रहने आयोजकले जनाएको छ। उक्त मेला झण्डै एक महिना चल्ने छ। उद्घाटन कार्यक्रममा प्रहरी, पत्रकार, जनप्रतिनिधि, समाजसेवी, कलाकार लगायत उपस्थित रहेको थियो।

# शोकमा डुब्यो दले गाउँ

**कमला भट्टराई/मध्यान्ह**
झापा, ८ असार

झापाको कचनकवल गाउँपालिका-५ स्थित दले गाउँ यतिबेला पूरै शोकमा डुबेको छ। आइतबार बिहान एकै गाउँका तीन किशोरी एउटै रुखमा झुण्डिएको अवस्थामा फेला परेपछि गाउँ शोकमा डुबेको छ।

स्थानीय सुनकोशी चिया बगानमा मजदुरी गर्दै आएका १७ वर्षीया अञ्जली, १६ वर्षीया करिना र १७ वर्षीया कल्पना गणेश एउटै रुखमा झुण्डिएको अवस्थामा फेला परेपछि गाउँ नै शोकमा डुबेको छ। आज बिहान दले गाउँमा कसैको घरमा चुलोसमेत बलेन।

उनीहरु एकै पटक झुण्डिनुको कारणबारे अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता वसन्त पाठकले बताए।

तीनै जनाको शवलाई धरानस्थित विपी कोइराला मेमोरियल अस्पतालमा शव परीक्षणका लागि पठाइएको उनले बताए।

उनले भने, 'नेपालमै पहिलो पटक किशोरीहरुले सामूहिकरूपमा एउटै रुखमा झुण्डिएर मृत्युवरण गरेको यो पहिलो घटना हो। यसअघि प्रेमी प्रेमिका, एउटै घरका परिवार मात्र यसरी झुण्डिएका घटना थिए। एउटै उमेरका किशोरी यसरी एकै पटक झुण्डिनुमा कसरी सहमति जुट्यो रहस्यमय नै छ।' उनले शव परीक्षण रिपोर्टका आधारमा पनि थप अनुसन्धान गर्न सजिलो हुने बताए।

मृत भेटिएका मध्ये अञ्जली गणेश र करिना गणेश दिदीबहिनीका छोराछोरी भएको वडा नम्बर ५ का वडाध्यक्ष मोहम्मद नुर आलमले बताए। अञ्जली तीन दिनअघि मात्र करिनाको घरमा आएकी थिइन्। कल्पना करिनाकी छिमेकी हुन्। अञ्जलीको घर सोही वडाको नेपाल भारतसीमा नजिकै रहेको उनको भनाइ छ।

# पाल्पामा बस दुर्घटनामा ६ जनाको मृत्यु

पाल्पा/मस-पाल्पामा बस दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ। गुल्मीबाट बुटवलका लागि छुटेको लु १ ख ५९५२ नंको बस पाल्पाको रिब्दिकोट गाउँपालिका-२ लघुवामा दुर्घटना हुँदा घटनास्थलमै ६ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ।

दुर्घटनामा १६ जना घाइते भएका छन्। मृतकको सनाखत हुन सकेको छैन। अहिले उद्धार कार्य भइरहेको प्रहरीले जनाएको छ। बसमा २२ जना यात्रु सवार रहेको बुझिएको छ। बस सडकदेखि करिब ६० मिटर तल खसेको छ। घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको छ।

# सर्पले टोकेर बालकको मृत्यु

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ८ साउन

सर्पको टोकाइबाट सिरहमा एक बालकको मृत्यु भएको छ। साथीहरूसँग घरमै खेल्ने क्रममा केराबारीमा लुक्न गएका बेला सर्पले डस्दा गोलबरजार नगरपालिका-३ जमदह भाङ्गवारीका नथुनी सदाका ६ वर्षीय छोरा अनिल सदायको मृत्यु भएको हो। सर्पले डसेर सिकिस्त भएका उनलाई उपचारको लैजाँदै गर्दा बाटोमै मृत्यु भएको हो। खेलिरहेका बेला सर्पले डसेको भएपनि बालकले थाहा नपाएका कारण उनी सिकिस्त भएपछि मात्रै घरपरिवारले थापा पाएका स्थानीयले बताएका छन्।

# सल्लाघारी दुर्घटनाः तीन जनाको मृत्यु

**भक्तपुर/मस-** भक्तपुर नगरपालिका-१ सल्लाघारीस्थित चोङ्गा गणेश सल्लाघारी दूधपाटी सडक छेउको सल्लाको रूख ढलेर बस र स्कुटर किच्दा तीन जनाको मृत्यु भएको छ।

आइतबार दिउँसो काठमाडौंबाट यात्रु बोकेर दूधपाटी हुँदै कमलविनायक जाँदै गरेको बा२ख ३५८४ नंको बस र दूधपाटीबाट सल्लाघारीतर्फ जाँदै गरेको बा ६१ प ३९७८ नंको स्कुटरलाई ढलेको रूखले किच्दा बसमा सवार दुई तथा स्कुटरमा सवार एकजनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा बसमा सवार भक्तपुर नगरपालिका-२ व्यासीका २५ वर्षीय विशेष खर्बुजा, चाँगुनारायण नगरपालिका-२ का ५५ वर्षीय न्हुच्छेराम बखाद्यो र स्कुटरमा सवार सर्लाहीको हरिवन नगरपालिका-४ का ४५ वर्षीय राजकुमार भुजेल रहेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए।

## कैलाली डायरी

**दिपक दत्त भट्ट/मध्यान्ह**

# वैदेशिक रोजगारीमा देखिएका समस्या समाधान हुने



संभवतः कहिल्यै समाधान नहुने या गर्न नचाहिएको समस्याको रुपमा वैदेशिक रोजगार क्षेत्रका समस्यालाई मानिएको छ। किनकी हरेर नयाँ विभागीय मन्त्री अर्थात श्रम मन्त्रीले वैदेशिक रोजगारीमा देखिएका समस्या समाधान गरिने बताउने गर्छन्।

यसैक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले पनि वैदेशिक रोजगारीमा देखिएका समस्या समाधान गरिने बताएका छन्। मन्त्री कुँवरले समाजवादी प्रेस संगठन नेपाल कैलालीले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा सो कुरा बताएका हुन्। मन्त्री कुँवरले अवैधानिकरूपमा विदेशमा काम गर्न गएका र त्यही मुत्यु भएका नेपाली श्रमिकको शव नेपाल ल्याउन विभिन्न कानूनी झन्झट रहेको उल्लेख गर्दै आफूले ती झन्झटको समाधान गर्न पहल गर्ने र विदेशमा अलपत्र परेका नेपालीको उद्धारका लागि सरकारले पहल गर्ने बताए।

वैदेशिक रोजगारीमा देखिएका समस्या समाधानका लागि मन्त्रालय लागिपरेको उल्लेख गर्दै मन्त्री कुँवरले धेरै विकृति विसङ्गति भएको क्षेत्र वैदेशिक रोजगार क्षेत्र भएकाले त्यसलाई नियन्त्रण गर्न मन्त्रालयले नयाँ गृहकार्य अघि बढाइरहेको बताए।

# लागूऔषधसहित पक्राउ

लागूऔषध नाईट्राभेट-१० सहित कैलालीबाट १ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा लम्की-चुहा नगरपालिका - ८ बचेलाका शिशिर साउद रहेका प्रहरीले जनाएको छ। उनलाई टिकापुर नगरपालिका - ९ मा रहेको खक्रौला चेक पोष्टमा चेकजाँच गर्दा नाइट्राभेटसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ। प्रहरीका अनुसार उनको साथबाट नाईट्राभेट- १० लेखेएको १८ ट्याब्लेट फेला परेको थियो। थप अनुसन्धान भइहेको प्रहरीले जनाएको छ।

# प्रेस युनियनको अध्यक्षमा लम्साल विजयी



**काठमाडौं/मस-** नेपाली कांग्रेस निकट पत्रकारहरुको संगठन नेपाल प्रेस युनियनको अध्यक्ष शिव लम्साल विजयी बनेका छन्। लम्साल ७ सय ४५ मत ल्याएर विजयी भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी अनिता बिन्दुले ६ सय १२ मत ल्याएकी छन्। त्यस्तै संगठनको वरिऋठ उपाध्यक्षमा प्रेम केसी निर्वाचित भएका छन्। उनले ६ सय ८५ मत प्राप्त गरेका छन्।

केसीका निकटतम प्रतिद्वन्द्वी सरोज अधिकारीले ६ सय ६५ मत ल्याएका छन्। पदाधिकारीसहित केन्द्रीय कार्यसमितिका अधिकांश पदमा लम्साल प्यानलकै बाहुल्य रहेको छ। युनियनको महासचिवमा लम्साल प्यानलकै दिलीप पौडेल निर्वाचित भएका छन्। पौडेल ८७८ मत ल्याएर विजयी भएका हुन्।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६९/०२/१३ मा दर्ता भएको **प्रा.लि. नं. ९६७२० को बर्जर ट्रेडर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०४/०९

यस कम्पनीको मिति २०७६/०९/०१ मा सम्पन्न विशेष साधारण सभाको बमोजिम साविक कम्पनी **सुआनी मिट मार्ट प्रा.लि. (प्रा.लि. नं. १८०८७५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०५/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सुआनी मिट सप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०४/०९

यस कम्पनीको मिति २०७८/१२/२८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बमोजिम साविक कम्पनी **[illegible] प्रा.लि. (प्रा.लि. नं. २०२३१९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०१/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **[illegible] प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/११/१३ मा दर्ता भएको **प्रा.लि. नं. १८४५५५ को गौतम इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.** को मिति २०७९/०४/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
लिक्विडेटरः पुरुषोत्तम पराजुली,
इजाजतपत्र नं. ५०१

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/२९ मा दर्ता भएको **प्रा.लि. नं. १७६५९४ को कृति हेल्थकेयर एण्ड सर्भिसेज प्रा.लि.** को मिति २०७९/०४/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
लिक्विडेटरः पुरुषोत्तम पराजुली,
इजाजतपत्र नं. ५०१

**म्यागङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउराली, नुवाकोट**
**बागमती प्रदेश**

**सवारी साधन खरिद गर्ने सम्बन्धि सुचना !**

**(सुचना प्रकाशित मितिः २०७९/०४/०९)**

प्रस्तुत विषयमा यस कार्यालयको लागि आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ दफा ८ को उपदफा (१) को (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) नियम ३१ ख बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनि वा सो को आधिकारिक विक्रेताहरु विचमात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधि बाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१ ख को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन विक्री गर्न चाहने उत्पादक वा आधिकारिक विक्रेताले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेशिफिकेसन गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस गा.पा. को कार्यालयमा सिलबन्दी निवेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै आवश्यक सवारी साधनको स्पेशिफिकेसनको विस्तृत विवरण यस पालिकाको वेभसाइट (https://myagangmun.gov.np/) मा राखिएको व्यहोरा समेत अनुरोध छ।

**आवश्यक सवारी साधनको विवरण**

| Types of Vehicle | Requirement (General Specification) | Number of Vehicle |
|---|---|---|
| 4 WD Double Cab pick–up | Right Hand 4 wheel drive, Double Cab Pickup capable of delivering strong adequate traction and maneuverability/stability needed for safe driving in rough, sandy or slippery and hilly road conditions at an altitude up to 4000 meter and in ambient temperature between –15ºC to 50ºC. The total seating capacity of double cab pickup should be at least 5 persons including driver. Gross Vehicle Weight of the vehicle shall not be less than 2600 kg. Water cooled diesel Engine, developing rated Power Output not less than 60hp and Torque not less than 190 N–m at governed RPM | 1 |

रमेश सिउदन
प्रमुख प्रशासकीय अधिकृत

**QATAR मा रोजगार** | कम्पनीः PROTECTION | शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०४/०८ | चलानी नं.:६०१८३६९७ | LT. No.: 267798

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४८,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Instal Technician | 1 | 0 | | 1100 | ३८,३५७ | | | | | | | |
| 3. | Mechanic | 5 | 0 | | 1100 | ३८,३५७ | | | | | | | |
| 4. | Technicain | 1 | 0 | | 1100 | ३८,३५७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन १६ गते (1 Aug 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

